# बुटवल उप महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### बुटवल, रुपन्देही
### प्रदेश नं. ५, नेपाल

# सिलबन्दी बोलपत्र आह्वानको सूचना
## प्रथम पटक प्रकाशित मिति २०७४/०८/०४

बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय बुटवलको चालु आ.व. २०७४/०७५ का लागि स्वीकृत बजेट नीति तथा कार्यक्रम अन्तर्गत तपसिल वमोजिमको निर्माण कार्य सिलबन्दी बोलपत्रद्वारा गराउनु पर्ने भएकोले सम्बन्धित निकायबाट ईजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. बोलपत्र पुस्तिका मिति २०७४/०९/०४ गते सम्म कार्यालय समयभित्र निर्माण व्यवसायी वा कम्पनी सञ्चालकको नागरिकताको प्रतिलिपि, आ.व.०७३/०७४ को लागि नविकरण भएको इजाजत पत्र, आयकर दर्ता प्रमाण पत्र तथा आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको प्रमाण पत्रहरुको प्रतिलिपि एक/एक प्रति संलग्न राखी निवेदनसाथ तोकिए बमोजिमको बोलपत्र दस्तुर वापत (पछि फिर्ता नहुने गरी) नगदै बुझाई बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय योजना शाखाबाट निर्माण व्यवसायी आफै वा निजको वारेसनामा लिई आउने व्यक्तिले खरीद गर्न सक्नेछ। विधुतीय (Electronically) बोलपत्र खरीद गर्न ईच्छुक बोलपत्रदाताले तोकिए बमोजिमका बोलपत्र दस्तुर ( पछि फिर्ता नहुने) राष्टिय बाणिज्य बैक बुटवल शाखाको खाता नं. ३१२०३०४०१४१०३ मा जम्मा गरी वा अन्य बैक वा वित्तीय संस्थाबाट उक्त खातामा जम्मा हुने Tele Transfer गरि PPMO को Website http/www.bolpatra.gov.np बाट Download गरी प्राप्त गर्न सकिनेछ।

२. खरीद भएका बोलपत्रहरु सिलबन्दी गरी मिति २०७४/०९/०५ गते दिनको १२.०० बजे भित्र यस कार्यालयको नाममा संबोधन गरी ठेक्का नं. कामको विवरण, बोलपत्रदाताको नाम र ठेगाना स्पष्टसंग खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहा छाप गरी यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ। E-bidding मार्फत पेश गर्ने निर्माण व्यवसायीहरुले PPMO को Website http/www.bolpatra.gov.np मा भएको प्रावधान अनुसार बोलपत्र पेश गर्न सकिनेछ। साथै विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्ने बोलपत्रदाताले बोलपत्र खोलेको मितिले ७ दिन भित्र प्रमाणित कागजातहरु पेश गर्नुपर्नेछ।

३. म्याद र समयभित्र दर्ता भएका बोलपत्रहरु (E-Submitted समेत) मिति २०७४/०९/०५ गते दिनको ०२.०० बजे बु.उ.म.न.पा. नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएतापनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। बोलपत्र दाखिला वा खोल्ने दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा बोलपत्र दाखिला र खोल्ने कार्य हुनेछ।

४. रीत नपुगी वा म्याद नाघि आएको र शर्त सहितको बोलपत्रलाई मान्यता दिइने छैन।

५. बोलपत्रसाथ धरौटी वापत तोकिए बमोजिमको रकम बुटवल उप महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बुटवलको रा.वा.वैंक बुटवल शाखाको कार्यालय **कोड नं ३७-३६५-११ धरौटी खाता नं. ३१२०३०३००३००३** मा जम्मा गरेको सक्कल बैक भौचर वा सो रकम बराबरको नेपाल राष्ट्र बैकबाट ईजाजत प्राप्त बैकबाट बुटवल उप महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाममा जारी गरिएको बोलपत्र खोल्ने मितिले कम्तीमा १२० दिन म्याद भएको विड वण्ड (धितो जमानी पत्र) पेश गर्नुपर्नेछ।

६. बोलपत्रमा दररेट उल्लेख गर्दा आइटम अनुसार अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट भएकोमा स्पष्टसंग दस्तखत र छाप भएको हुनु पर्नेछ।

७. ईच्छुक निर्माण व्यवसायीहरुलाई मिति २०७४/०८/१८ गते दिनको ०१.०० बजे योजना तथा शहरी विकास महाशाखामा प्रि विड मिटिङ्ग आयोजना गरिनेछ।

८. BoQ मा उल्लेखित आइटमहरुको परिमाण निर्माण कार्य सञ्चालन हुने समयमा आवश्यकता अनुसार थपघट हुन सक्नेछ।

९. शर्त राखी आएको सिलबन्दी बोलपत्र स्वीकृत हुने छैन।

१०. सार्वजनिक खरीद ऐन २०६३, सार्वजनिक खरीद नियमावली २०६४ र अन्य प्रचलित नियम कानून अनुसार तोकिएको आधारहरु पुरा नभएको, रीत नपुगेको, म्यादभित्र दर्ता नभएको र यस सूचना एवं बोलपत्र सम्वन्धी कागजातमा उल्लेखित शर्तहरु पूरा नभएको बोलपत्रमा कुनै कारवाही हुनछैन।

११. बोलपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको योजना तथा शहरी विकास महाशाखामा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।

१२. प्रकाशित सूचना र टेण्डर डकुमेण्टका कुनै शर्त बाझिन गएमा सूचनामा प्रकाशित शर्त मान्य हुनेछ।

१३. कुनै कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | कार्यस्थल | ल.ई.रकम (भ्याट, कन्टिजेन्सी बाहेकको) | धरौटी रकम् रु | बोलपत्र दस्तुर रकम रु |
|---|---|---|---|---|---|---|
| १. | ०४/०७४/०७५ | कालोपत्रे सडक निर्माण कार्य | बु.उ.म.न.पा.वडा न.११ | १०६,४७,७००।६८ | ३,१०,०००।०० | ३,०००।०० |

**खरिद ईकाई**
**बुटवल उपमहानगरपालिका**